का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ६
- २१ माघ २०७६, मंगलबार
- 4 February 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# प्रहरी अधिकारीहरू नै कठघरामा

**सामाजिक सु-व्यवस्था र कानूनी शासनको अनुभूति दिलाउने प्रमुख दायित्व बोकेको प्रहरीका वरिष्ठ अधिकारीहरू नै विभिन्न आरोपमा तानिदै गएका छन् । तर, केही अधिकारीहरूलाई लिएर प्रहरीप्रति धारणा बनाउन नहुने प्रहरी प्रवक्ता बताउँछन् ।**

**केशर धामी/मध्यान्ह**
काठमाडौं, २० माघ





**‘ठूलो संगठनभित्र कहिले काहीं यस्ता घटना आउनु स्वभाविक हो। त्यस्ता प्रवृतिका प्रहरी अधिकारीमाथि कारवाही हुन्छ।’**

**-शैलेस थापा, प्रवक्ता, नेपाल प्रहरी**

बलात्कारको आरोप लागेपछि नेपाल प्रहरीका एसएसपी सौरभ राणाले आत्मसमर्पण गरे । एक महिलासँग लामो समयदेखि सम्बन्धमा रहेका राणा अन्ततः बलात्कारको काण्डमा फसे । धरानकी ती महिलालाई लामो समयदेखि यौन शोषण गरेको उजुरी गृह मन्त्रालयमा पुगेपछि संघीय प्रहरी एकाई धरानका एसएसपी राणा निलम्बनमा परेका छन्। पीडित भनिएकी ती महिलाले राणाविरुद्ध जिल्ला प्रहरी कार्यालय सुनसरीमा बलात्कारको जाहेरीसमेत दिएकी थिइन्। उनीहरूको बीचमा सहमतिमै लामो समयदेखि शारीरिक सम्पर्क हुँदै आएको राणा स्वयमले अनौपचारिक रूपमा स्वीकार गरेका छन् ।

डीएसपी कुमोद ढुंगेल प्रहरीको फरार सूचीमा छन् । उनीमाथि गुण्डागर्दीमा संलग्नहरूसँग हिमचिम बढाएको आरोप छ। नेपाल प्रहरीका तत्कालिन महानिरीक्षक (आईजीपी) ओमविक्रम राणा, हेमबहादुर गुरुङ र रमेशचन्द ठकुरी प्रहरी हिरासतमा छन् । उनीहरूले २०६४ सालमा संयुक्त राष्ट्र संघ अन्तर्गत सुडानको डार्फर मिसनका लागि जाने प्रहरीका लागि खरीद गरिएको बन्दोबस्तीको सामान (एपीसी) मा २८ करोड बढी घोटाला गरेका थिए । तीनै जना जेलमा छन् ।

२०७४ को माघमा त्रिभुवन विमानस्थलबाट काठमाडौं भित्र्याएर गायव पारिएको ३३ किलो सुन काण्ड र मोरङ उर्लाबारीका सनम शाक्य हत्या प्रकरणमा दर्जनौं उच्च प्रहरी अधिकारी मुछिए । यो घटनापछि प्रहरी संगठनमाथि नै प्रश्न चिन्ह खडा भएको थियो । तत्कालिन एसएसपीद्वय दिवेश लोहनी र श्याम खत्री, डीएसपी प्रजित केसी लगायतका प्रहरी अधिकारी ३३ किलो सुन काण्डमा मुछिएका थिए । उनीहरू मध्ये केही अधिकारीलाई मोरङ जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलान नै गरेको थियो। मुद्दाको किनारा लाग्न भने अझै बाँकी छ।

केही महिनाअघि मात्र प्रहरी प्रधान कार्यालयले देशभरका प्रहरी कार्यालयहरूका लागि भन्दै करोडौं रुपैयाँ खर्च गरेर गाडी र भीआईपीको स्कर्टिङमा प्रयोग हुने मोटरसाइकल खरिद गरेको छ । त्यसमा पनि अनियमितता भएको भन्दै प्रहरी प्रधान कार्यालयबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगले खरिद प्रकरणको फाइल नै लिएको छ। त्यसमाथि अनुसन्धान जारी छ । केही महिनाअघि मात्र ललितपुर चापागाउँकी एक युवतीलाई लामो समयदेखि यौन शोषण गरेको अभियोग लागेपछि तत्कालीन महानगरीय प्रहरी वृत्त चापागाउँका प्रमुख प्रहरी नायव उपरीक्षक (डीएसपी) राजकुमार खैंजु सम्पर्क विहीन छन् ।

प्रहरीको विधिविज्ञान प्रयोगशालाका एसएसपी राकेश सिंहमाथि पनि यौन शोषण गरेको आरोप लागेको छ । उनले लामो समयदेखि विधिविज्ञान प्रयोगशालामा कार्यरत महिला प्रहरीमाथि यौन शोषण गर्दै आएका थिए। ती महिला प्रहरीले सिंहविरुद्ध यौन शोषणको उजुरी गरेको एक वर्ष भयो । तर, उक्त उजुरी नै गुपचुप पारिएको छ ।

उनले महिला प्रहरीमाथि गरेको यौन शोषणको बाँकी पृष्ठ २ मा

# भ्रमण वर्षमा ‘कोरोना’ चिन्ता

**नेपाल-चीन हवाई सेवामा संलग्न पाँच कम्पनीबाट उडान रद्द**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

नेपाल-चीन उडान गर्ने पाँच वायुसेवा कम्पनीले उडान बन्द गरेको छ । जसले नेपाल भ्रमण वर्षमा प्रत्यक्ष असर पर्ने भएको छ। कोरोनाभाइरसको संक्रमणको क्रम बढेसँगै पाँच वायुसेवा कम्पनीले हाललाई उडान बन्द गरेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । एअर चाइना, सिचुवान, चाइना इष्टर्न, टिब्बेटियन एअर र हिमालयन एअरले नेपाल-चीन विमान सेवा बन्द गर्ने जानकारी दिएको प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्री जानकारी दिएका छन् । क्षेत्रीका अनुसार अधिकांशले फेब्रुरी ४ देखि फेब्रुरी २८ तारिखसम्मका लागि उडान बन्द गर्न लागेका हुन् ।

चीनबाट नेपालमा हुने उडान र तिनमा नेपाल आइपुग्ने पर्यटकको संख्या घट्ने क्रम जारी रहेको छ । टिबेट एअर र सिचुआन एअरलाइन्सले पनि काठमाण्डूलाई विभिन्न चिनियाँ शहरसँग जोड्दै आएका छन् । अहिलेको अवस्था अन्योलपूर्ण भए पनि ती वायुसेवाले आफ्नो उडान योजनाबारे अझै जानकारी दिइनसकेको क्षेत्रीले बताए । चीनका बेइजिङ र चोङचिङलगायतका शहरमा उडान गर्ने नेपालको हिमालय एअरलाइन्सले पनि हाललाई आफ्ना अधिकांश उडान रद्द बाँकी पृष्ठ २ मा

# किन घट्यो भारतीय अनुदान ?

**भारतले नेपाललाई १२ अर्व भारतीय रूपैंया दिएको थियो भने यस वर्ष जम्मा ८ अर्व भारतीय रूपैयाँ अनुदान दिएको छ । नेपाललाई दिने अनुदान कटौतीको कारण नेपालमा चिनियाँ लगानी बढ्नु रहेको कतिपयको बुझाई छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ



भारतले नेपाललाई वर्षेनि उपलब्ध गराउँदै आएको अनुदान रकममा ३३ प्रतिशतले कटौती गरेका छन् । अघिल्लो बजेटमा भारतले नेपाललाई १२ अर्व भारतीय रुपैंया दिएको थियो भने यस वर्ष जम्मा ८ अर्व भारतीय रुपैयाँ अनुदान दिएको छ। भारतले नेपाललाई दिने अनुदान कटौतीको कारण नेपालमा चिनियाँ लगानी बढ्नु रहेको कतिपयको बुझाई छ।

अर्थविद् विश्वम्भर प्याकुरेल नेपालमा बढ्दो चिनियाँ प्रभाव र निरन्तर अभिव्यक्त हुने गरेका भारत विरोधी धारणाहरू अनुदान घट्नुका कारण हुन सक्ने बताएका छन् । “हामीले नेपालमा चीनको अनुपातमा आफ्नो सहायता बृद्धि गर्दा पनि नेपालमा हामीप्रति सकारात्मक धारणा बनेन भनेर भारतीय नीति निर्माताहरूले हामीसँग अनौपचारिक कुराकानीमा कैयौं पटक चिन्ता व्यक्त गरेका छन्” प्याकुरेलले भने, “नेपालमा चीनको प्रभाव बढिरह्यो, भारतविरोधी धारणा पनि बढिरह्यो। त्यही भएर नेपाललाई कुनै किसिमको शिक्षा होस् भनेर अनुदान घटाइएको हुन सक्छ ।”

भारतले बाँकी पृष्ठ २ मा

# देशले बनाएकाहरुको विदेश मोह

**सरकारी सेवासुविधा र ठूलो लगानी भएका उच्च तहका कर्मचारी बहालमा छदैं आईएनजीओको जागिर आकर्षित हुने प्रवृत्ति डरलाग्दो गरी बढेको छ ।**

**बिरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, २० माघ

नेपाल सरकारको जागिर गर्ने धेरै कर्मचारीको सपना हुन्छ । सरकारी कर्मचारी प्रतिको आकर्षण पनि बढी नै छ। यसको प्रमुख कारण भनेको जिविकाको सुनिश्चितता सँगै, अन्तर्राष्ट्रिय स्तरका संघ-संस्थामा काम गर्ने र मोटो रकम कमाउने हो ।

सँगै, सरकारी पदमा बहाल रहँदा नै परामर्श दाताको रुपमा काम गर्ने र विदेश जाने मौका पनि पाउँछन् । तर केही समय यता भने अन्तर्राष्ट्रिय संस्थाहरुमा जागिर खान उच्च तहको सरकारी पद त्याग्ने क्रम बढेको छ ।

तीन वर्षअघि नेपाल सरकारका मुख्य सचिवले नै अन्तर्राष्ट्रिय नियोगको जागिर खान पदबाट राजीनामा दिएका थिए। तत्कालीन मुख्य सचिव डा. सोमलाल सुवेदी मुख्य सचिवको पद त्यागेर एसियाली विकास बैंक (एडीबी) को कार्यकारी निर्देशक भएर फिलिपिन्सको मनिला गएका थिए । उनी मुख्य सचिव भएको एक वर्ष मात्र भएको थियो।

उनले एडीबीमा जान इच्छा गरेपछि सरकारले नै उनलाई त्यहाँ पठाउने निर्णय गरेको थियो। एडीबीमा राम्रो तलब सुविधा हुने भएपछि उनी मुख्य सचिव छाडेर त्यता गएको बताइन्छ। एडीबीका कार्यकारी निर्देशकको मासिक तलब करिब १८ हजार अमेरिकी डलर (१८ लाख रुपैयाँभन्दा बढी) हुन्छ। उनी मुख्य सचिवको पदबाट राजीनामा दिएपछि अर्को मुख्य सचिवका लागि लामो विवाद भएको थियो ।

यता केही महिनाअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी सचिव डा. पुष्पा चौधरीले विश्व स्वास्थ्य संगठनको जागिर खान राजीनामा दिइन्। सरकारले उनको राजीनामा स्वीकृत गरेन। तर पनि उनी सरकारको स्वीकृती नपर्खी डब्लुएचओमा गइन् । कात्तिक १३ गते बुझाइएको चौधरीको राजीनामा पुस तेस्रो साता मात्र स्वीकृत भएको थियो ।

पछिल्लो पटक भने कृषि मन्त्रालयका सचिव डा. युवक ध्वज जिसीले राजीनामा दिएका छन् । संयुक्त राष्ट्र संघको खाद्य एवं कृषि संगठनमा जागिर खान जिसीले राजीनामा दिएको बताइएको छ। उनको राजीनामा अहिलेसम्म स्वीकृत भइसकेको छैन ।

सरकारको उच्च तहमा पुगेका कर्मचारी पदमा बहाल रहँदै आकर्षक तलब सुविधाको लोभमा अन्तर्राष्ट्रिय संघसंस्थामा जागिर खान जाँदा सरकारको महत्वपूर्ण सूचना चुहावट हुन सक्ने भनेर आलोचना हुने गरेको छ । पदमा बहाल रहँदै पनि अन्तर्राष्ट्रिय नियोग तथा संघसंस्थालाई सहयोग गर्ने र अवकाश हुन लागेपछि राजीनामा दिएरै काम गर्न जाने बाँकी पृष्ठ २ मा

## कुवेतमा वैदेशिक रोजगारको अवसर

Shrimpy
Chicster
شركة الثقة
AL THIQA COMPANY

कम्पनी: AL THIQA RESTAURANT COMPANY W.L.L., KUWAIT

LT. No.: 222370

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | KD | ने. रु. |
|---|---|---|---|---|---|
| 1. | Service Crew | 16 | 0 | 120 | [illegible] |
| 2. | Motorcycle Driver | 1 | 0 | 150 | [illegible] |
| 3. | Steward/cleaner | 1 | 0 | 100 | [illegible] |
| 4. | Waiter/waitress | 4 | 3 | 120 | [illegible] |
| 5. | Quality Foreman | 1 | 0 | 200 | [illegible] |
| 6. | Restaurant In-charge | 1 | 0 | 200 | [illegible] |
| 7. | Supervisor | 1 | 0 | 200 | [illegible] |
| 8. | Light Vechile Driver | 2 | 0 | 150 | [illegible] |
| 9. | Administrative Supervisor | 3 | 0 | 200 | [illegible] |
| 10. | General Supervisor | 1 | 0 | 200 | [illegible] |

LT. No.: 212670/208573

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | KD | ने. रु. |
|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | 200 | [illegible] |
| 2. | Accountant | 4 | 0 | 250 | [illegible] |
| 3. | Supervisor | 11 | 3 | 180 | [illegible] |
| 4. | Cashier | 1 | 12 | 140 | [illegible] |
| 5. | Service Crew | 0 | 3 | 120 | [illegible] |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २८ र २९ गते (11 & 12 Feb. 2020) मा हुनेछ ।

## निलकमल ह्युमन रिसोर्स प्रा. लि.

फोन: ... मो. 9818394474, 9802099411

Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

# कतारको मर्करीबाट आयो करोड

## सात दिनभित्रलिन आउन पीडित कामदारलाई विभागको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

वैदेशिक रोजगार विभागले कतारको मर्करी मिना इलेक्ट्रोनिक्स नामक इन्जिनियरिङ कम्पनीबाट विना तलव सुविधा निकालिएका ३३ नेपाली कामदारका लागि २ लाख ८५ हजार रियाल करिब एक करोड रुपैयाँ निकासा आएको बताएको छ ।

विभागले सोमबार एक सूचना जारी गर्दै तत्कालीन अवस्थामा सेवा सुविधाबाट बञ्चित ३३ जना कामदाहरुलाई ७ दिनभित्र काठमाडौंको बुद्धनगरस्थित विभाग वा विराटनगर, जनकपुर, पोखरा, बुटवल, सर्खेत र धनगढीस्थित श्रम, तथा रोजगार कार्यालयहरु मार्फत सम्पर्क गर्न आग्रह गरेको छ ।

तलवका लागि सम्पर्क गर्दा पीडित कामदारहरुले आफ्नो नामको बैंक खाता, नेपाली नागरिकता वा राहदानीको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने विभागले जनाएको छ । अल एशिया इन्टरनेशनल प्रा. लि., रकी ईन्टरनेशनल प्रा. लि., प्याराडाईज ईन्टरनेशनल प्रा. लि., वर्ल्ड भिजन ईन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा.लि., स्काईवेज ब्युरो सर्भिस प्रा.लि.र व्यक्तिगत श्रम स्वीकृतिबाट गएका कामदारले पाउन बाँकी भुक्तानी कामदारले पाउने विभागले बताएको छ ।

विभागले उनीहरूले तत्कालीन अवस्थामा ३ देखि ६ महिनाको तलव तथा सुविधा नपाएको र अब सो रकम नेपालस्थित कतारी दूतावासबाट पाउने विभागको भनाइ छ। त्यसका लागि विभागले सहजकर्ताको काम गरिदिने भएको छ ।

सन् २०२२ को फिफा विश्वकपको संरचना निर्माणको जिम्मा पाएको उक्त इञ्जिनियरिङ कम्पनीमा कार्यरत नेपाली सहित ठुलो संख्याका अन्य देशका आप्रवासी श्रमिकहरु समेत शोषणमा परेको एमनेष्टी इन्टरनेशनलको भनाइ थियो। एमनेस्टी इन्टरनेसनलले कतारबाट विना तलव घर फर्केका ३४ जना नेपालीसँग अन्तर्वार्ता गरी उनीहरु शोषणमा परेको पत्ता लगाएको बताएको थियो ।

### वैदेशिक रोजगार विशेष

## कुवेत जान लागेका बस्नेत विमानस्थलबाट पक्राउ

**काठमाडौं/मस-** एक १६ वर्षे किशोरीलाई जबरजस्ती करणी गरी पक्राउ पर्ने डरले फरार रहेका धादिङका हेमन सिंह बस्नेत वैदेशिक रोजगारीका क्रममा कुवेत जाने क्रममा पक्राउ परेका छन्।

गजुरी गाउँपालिका ८ का २८ वर्षे बस्नेतलाई सोमबार त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले जानकारी दिएको छ। बाटो खन्ने काममा वैदेशिक रोजगारीमा जान लागेका एक्स्काभेटर चालक बस्नेतले १६ वर्षे युवतीलाई जबरजस्ती करणी गरेपछि फरार रहेका थिए ।

आरोपी बस्नेतले गत जेठ १४ गते धादिङको गजुरी गाउँपालिका ८ को हलेदेखोलाकी १६ वर्षे किशोरीलाई जबरजस्ती करणी गरी फरार रहेको प्रहरीको दावी छ । व्युरोका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बस्नेतलाई वैदेशिक रोजगारीका लागि कुवेत जाने क्रममा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय धादिङ पठाइएको जानकारी दिएका छन्। मुलुकी फौजदारी कार्यविधि संहिता अनुसार जुन जिल्लामा घटना भएको हो मुद्दा चलाउन सोही जिल्लाको जिल्ला अदालतमा उपस्थित गराउनु पर्ने व्यवस्था रहेको छ ।

# निर्मला हत्या प्रकरण:
# दिलिप नै दोषी ठहर, पक्राउको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

चर्चित निर्मला हत्या प्रकरणमा विगतमा भएका अनुसन्धानमा गल्ती भएको प्रहरीले स्वीकार गरेको छ। विगतमा भएका अनुसन्धानमा कमजोरी भएको निष्कर्ष निकाल्दै सच्याएर अघि बढ्ने बताएको हो। प्राविधिक रुपमा भएका कमजोरी सच्याएर प्रहरीले अनुसन्धान प्रक्रिया अगाडि बढाएको हो।

२०७५ साउन ११ गते कञ्चनपुर भीमदत्तनगर-२ कि १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको थियो। उक्त घटनामा संलग्न अझै पत्ता लाग्न सकेको छैन्। अभियुक्तको पहिचान नहुँदा प्रहरी आलोचनाको केन्द्रमा छ। तर, प्रहरीले निर्मला हत्यामा दीलिप विष्टकै संलग्नता रहेको निस्कर्ष निकालेको प्रहरी स्रोतले जनाएको छ।

दीलिपलाई गत भदौ ४ गते तत्कालीन कञ्चनपुर प्रहरीले मुख्य अभियुक्त भन्दै सार्वजनिक गरेको थियो। तर निर्मलाको स्वावसँग



डीएनए नमिलेपछि दीलिपलाई रिहा गरिएको थियो। निर्दोषलाई पक्राउ गरिएको भन्दै कञ्चनपुरमा आन्दोलन सुरु भएको थियो।

आन्दोलनले उग्ररुप लिंदा प्रहरीको गोली लागेर स्थानीय शनि खुनाको ज्यान गएको थियो। सरकारले घटनाको अनुसन्धान गर्न सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो।

मैनाली नेतृत्वको समितिले अनुसन्धानमा प्रहरीले लापरबाही गरेको, दीलिपलाई नक्कली अभियुक्त खडा गरेको निष्कर्ष निकालेको थियो। तर प्रहरी फेरि दीलिप नै मुख्य अभियुक्त भएको निष्कर्षमा पुगेको छ।

दीलिपले अचेल निर्मलाको बलात्कारपछि आफैले हत्या गरेको स्वीकार गर्दै आएका छन्। सार्वजनिक भएका विभिन्न भिडियोमा उनले हत्या गरेको स्वीकार गरेपछि प्रहरीले उनलाई नै अभियुक्त मानेको हो।

यसबाहेक अन्य प्रमाण र विगतमा अनुसन्धानको प्रक्रियामा भएका कमजोरी सच्चाएर अघि बढ्ने निष्कर्षमा रहेको एक प्रहरी अधिकारीले बताए। दीलिपलाई प्रहरीले पक्राउ गर्ने तयारी गरेको छ। निर्मलाकी आमा दुर्गादेवीले समेत दीलिपविरुद्ध किटानी जाहेरी दिएकी छन्।

तर सरकारकै समितिले दीलिपलाई नक्कली अभियुक्त बनाइएको भन्दै प्रतिवेदन दिएको र त्यसमाथि तत्कालीन समयमा अनुसन्धानमा रहेका प्रहरी अधिकृत बर्खास्त र निलम्बनमा रहेकाले के गर्ने भन्नेबारे प्रहरी अन्योलमा पनि छ। प्रहरीले त्यसबारे कानुनी रायसमेत लिएको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी), अपराध महाशाखा, जिल्ला प्रहरीको टोली अनुसन्धानका सक्रिय छ। अनुसन्धानकै लागि प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको सचिवालयबाट डीएसपी गौतम केसीसहित प्रहरी अधिकृत कञ्चनपुर पुगेका छन्।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका पूर्वप्रमुखसमेत रहेका डीएनए विशेषज्ञ जीवनप्रसाद रिजाल नेतृत्वमा गठित छानबिन समितिले डीएनएको नमूना परीक्षणमै त्रुटि भएको निष्कर्ष निकालेपछि प्रहरी दीलिप नै अभियुक्त भएको निष्कर्षमा पुगेको हो।

# चीनबाट नेपालीहरु आउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ

चीनमा रहेका नेपालीहरु बुधबारसम्म नेपाल फर्किने सरकारले जनाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चीनमा रहेका नेपालीहरुको फिर्ताका लागि सम्पूर्ण तयारी पुरा भएको जानकारी दिएको छ। मन्त्रालयका अनुसार मंगलबारसम्ममा चीनबाट ल्याइने नेपालीलाई राख्ने स्थान (क्वारेइन्टाइन) तोकिनेछ। सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मलेनमा बोल्दै प्रवक्ता महेन्द्र श्रेष्ठले भने, 'सुरुमा क्वारेइन्टाइनमा राख्ने हो, परीक्षण नियमित हुनेछ, केही आशंका लागेमा बिरामीलाई आइसोलेसनमा राखिने छ।' उनले अझै पनि ती ठाउँहरुको अवलोकन जारी रहेको बताउँदै मंगलबार नै तय गरिसक्नुपर्ने बाध्यता भएको बताए। उनले एउटा कोठामा २ देखि ३ जनाभन्दा बढी व्यक्तिलाई नराखिने पनि जानकारी दिए। सुरक्षा, सुविधा, चिकित्सय टोलीका सम्बन्धमा छलफल भइरहेको मन्त्रायले जानकारी गराएको छ।



सोमबारसम्म जम्मा १४ जना कोरोना भाइरस टेस्टका लागि रिपोर्ट गरेकोमा ३ वटा रिपोर्ट आउन बाँकी रहेको जानकारी हेल्थ इमरजेन्सी अपरेसन सेन्टरका प्रमुख सागर दहालले दिए। बिरामीहरुलाई कोरोना भाइरसको बारेमा जानकारी दिनका लागि स्वास्थय मन्त्रालयले सम्पर्क व्यक्ति पनि तोकेको छ। बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म टेलिफोन सम्पर्कमा रहनका लागि डा. रविकान्त मिश्र, डा. युग प्रसाद सापकोटा, डा. समिरकुमार अधिकारी तोकिएका छन्। उनीहरुले रोगका बारेमा जानकारी दिनुका साथै उपचारका लागि कहाँ जाने विषयमा जानकारी गराउनेछन्।

प्रवक्ता श्रेष्ठले एन्टिबायोटिक तथा खोपहरु पनि उपलब्ध नभएको बताउँदै विभिन्न सामाजिक सञ्जालमा रहेका अफवाहको पछाडि नलाग्न सर्वसाधारणलाई आग्रह गरेका छन्। साथै चीनमा रहेको नेपाली दूतावासले नेपालीलाई फर्काउनको लागि सम्पूर्ण तयारी पूरा भएको जानकारी गराएको समेत मन्त्रालयले जानकारी दिएको छ। अहिलेका लागि नेपाली सेनाको नवनिर्मित भवन, सशस्त्र प्रहरी क्याम्प, सरकारका केन्द्रीय अस्पतालका हलहरु, इचंगुनारायणमा सुकुम्बासीका लागि बनाइएको आवास भवन, कीर्तिपुरस्थित आयुर्वेदिक अध्ययन केन्द्र र भक्तपुरको बोडेमा रहेको कृषि तालिम केन्द्रलाई सम्भवित स्थानको रुपमा पहिचान गरिएको छ।

# अझै व्यवस्थापन भएन सवारीसाधन मार्ग

**काठमाडौं/मस-** सरकारले यातायात व्यवसायीको एकाधिकार अन्त्य गरेको दुई वर्ष पुग्न लाग्दासमेत काठमाडौं उपत्यकामा सार्वजनिक सवारीसाधनको 'रुट' व्यवस्थापन गर्न सकेको छैन।

'रुट' व्यवस्थापन हुन नसक्दा कतिपय स्थानमा सवारीसाधन आवश्यकताभन्दा बढी चल्ने त कतिपयमा सवारीसाधन कम हुँदा यात्रु हैरान छन्। विसं २०७५ वैशाखसम्म सार्वजनिक सवारीसाधनलाई 'रुट' इजाजत दिने काम यातायात व्यवसायी समितिले गरेका थिए। दुई वर्ष पहिले सरकारले महासंघ र समितिको एकाधिकार हटाउने निर्णय गरेसँगै यातायात व्यवस्था कार्यालयले 'रुट' का लागि अनुमति दिइरहेका छन्। सरकारले 'रुट' निर्धारण गरि नसकेकाले अहिलेसम्म व्यवसायीले मागेकै 'रुट' मा सार्वजनिक सवारीसाधन सञ्चालन गरिरहेका छन्। यसले गर्दा कतै बढी सवारीसाधन हुँदा यातायात व्यवस्थापनमा कठिनाइ भएको छ भने कतै सवारीसाधन कम हुँदा यात्रुले घण्टौं कुर्नुपर्ने बाध्यता छ।




'रुट' व्यस्थापनका लागि आवश्यक छलफल भइरहेको यातायात व्यवस्था विभागका महानिर्देशक गोगनबहादूर हमालले बताए। समग्र रुट व्यवस्थापन गर्नु सहज विषय नभएकाले समय लागेको उनले बताए। रुट व्यवस्थापनभित्र कुन रुटमा कति क्षमताका र कति सवारीसाधन चल्ने भनी निर्धारण हुने उनले बताए। कुनै पनि ठाउँमा त्यहाँको जनसंख्या, सडकको अवस्था, चौडाइलगायतलाई आधार मानेर 'रुट' निर्माण भइरहेको र शहरी क्षेत्रमा मात्रै नभएर ग्रामीण क्षेत्रसम्मका यात्रुलाई सुविधा दिन 'रुट' निर्धारण गर्ने तयारी भइरहेको छ। उनले भने, 'केही समयमा यसको कार्यविधि बनेपछि सबै सहज हुने हामीले आशा लिएका छौं।'

काठमाडौं उपत्यकाकै पाँच वर्षको यातायात व्यवस्था गर्ने गरी सरकारले यातायात प्राधिकरण गठन गर्दैछ। प्राधिकरण गठनभन्दा पहिले नै रुट निर्धारण गरिसकिने विभागले बताउँदै आएको छ।

रुट व्यवस्थापनकै लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले गठन गरेको समितिले गत वर्ष नै प्रतिवेदन दिएको थियो। यातायात व्यवस्था विभागका प्रतिनिधि, एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयका प्रतिनिधि, यातायातविज्ञलगायत सरोकारवालालाई समेटेर सो समिति गठन गरिएको थियो। उक्त समितिले प्राथमिक, सहायक र ग्रामीण गरेर तीन खालका 'रुट' बनाउनुपर्ने सुझाव दिएको थियो। तीन वटामध्ये प्राथमिकमा नौ तय भए पनि सहायक र ग्रामीणमा कति 'रुट' राख्ने र एउटामा कति र कस्ता सवारीसाधन सञ्चालन गर्न दिने भन्ने निर्धारण हुन सकेको थिएन।

# सहमतिमा प्रदेश नं १ को नामकरण टुंग्याइँदै

**महोम्मद सदरुल/रासस**
विराटनगर, २० माघ

प्रदेश नं १ को नामकरण प्रदेशसभाको आगामी पाँचौं अधिवेशनले टुंग्याउने सम्भावना देखिएको छ। नामकरण गर्दा पहिचान देखिने र द्वन्द्व मेटिने किसिमको हुनुपर्नेमा प्रदेशसभा सांसदको माग रही आएको छ।

प्रदेशसभाको तेस्रो अधिवेशनले २०७५ वैशाख २३ गते प्रदेशको राजधानी विराटनगरलाई कायम गरेको थियो। पाँचौं अधिवेशनअर्थात् हिउँदे अधिवेशन यही माघ २३ गतेबाट शुरु हुँदैछ। विसं २०७४ फागुन ३ गते गठन भएको प्रदेश सरकारले हालसम्म ४३ कानून निर्माण गरी गरिसकेको छ।

पाँचौं अधिवेशनबाट प्रदेशको नामलाई छिनोफानो लगाइने तथा नयाँ आठ विधेयक




पारित हुनसक्ने बताइएको छ। मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिएका विधेयक प्रदेशसभामा दर्ता भएमा अधिवेशनमा कम्तीमा नयाँ १० विधेयक पारित हुनसक्ने प्रदेशसभा सचिवालयले जनाएको छ।

विसं २०७६ वैशाख १९ गते बसेको बैठकमा प्रदेश स्थायी राजधानी र नामकरणको प्रस्ताव पेश भएको थियो। तेस्रो अधिवेशनले प्रदेशको राजधानी विराटनगरलाई अनुमोदन गरे पनि नामकरण गर्न सकेको थिएन।

प्रदेश नं ३ बागमती, प्रदेश नं ४ गण्डकी र प्रदेश नं ६ कर्णाली प्रदेश नामकरण भएका छन्। प्रदेश नं १, प्रदेश नं २, प्रदेश नं ७ र प्रदेश नं ५ नामकरण हुन बाँकी रहेको छ। सबैको अपनत्व हुने र शिरोधार्य गर्न सक्ने नामको खोजीमा प्रदेश नं १ सरकारले राजनीतिक दलहरुसँग छलफल गरिरहेको छ।

आर्थिक, सामाजिक, राजनीतिक र बहुसांस्कृतिक विविधता यस प्रदेशले बोकेको छ। चौध जिल्लाका १३७ स्थानीय तह प्रदेशमा रहेको छ। प्रदेशसभा सदस्य एवं सामाजिक विकास समितिका सभापति सरिता थापाले प्रदेशको नाम सबैले अपनत्व ग्रहण गर्ने किसिमको हुनुपर्छ भनिन्।

नेपाली काँग्रेस प्रदेश नं १ संसदीय दलका नेता राजीव कोइरालाले प्रदेशको नाममा छलफल नभए पनि पहिचान देखिने र द्वन्द्व मेटिने किसिमको हुनुपर्ने कुरामा जोड दिए। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) केन्द्रीय सदस्य विनोद ढकालले प्रदेशको नाम विवादरहित रुपमा कोशी वा सगरमाथा राख्नुपर्ने धारणा विगतदेखि राख्दै आएको जानकारी दिए।

नेकपाका अर्का केन्द्रीय सदस्य महेश रेग्मीले प्रदेशको नाममा सहमति खोज्नुपर्ने धारणा राखे। संघीय समाजवादी फोरम नेपाल प्रदेश नं १ संसदीय दलका नेता जयराम यादवले पहिचान र सामर्थ्यको आधारमा प्रदेशको नामकरण हुनुपर्छ भने। विराटनगरका उद्योगी राजेन्द्र राउतले प्रदेश नं १ को नाम विगतदेखि नै पहिचान पाएको र सबैले चिन्न सक्ने हुनुपर्ने धारणा राखे।

# बारका पूर्व अध्यक्ष पाण्डेको निधन

**काठमाडौं/मस-** नेपाल बार एशोसिएशन तनहुँका पूर्वाध्यक्ष एवं जिल्ला विकास समितिका पूर्वसभापति फणीन्द्रबहादुर पाण्डेको सोमबार निधन भएको छ। केही समयदेखि अस्वस्थ पाण्डेको तनहुँको व्यास नगरपालिका-३ दमौलीस्थित निवासमा निधन भएको हो।

पाण्डेको सोमबार नै दमौलीस्थित मादीसेती घाटमा दाहसंस्कार गरिएको छ। पाण्डेको निधनप्रति शोक व्यक्त गर्दै दाहसंस्कारमा सहभागी नेकपाका केन्द्रीय सदस्य एकबहादुर रानाले परिवर्तन र निरङ्कुशताविरुद्धको आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका पाण्डेको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको बताए।

नेकपा जिल्ला अध्यक्ष एवं सांसद केदार सिग्देल, सांसद प्रतापकुमार श्रेष्ठ, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्यासका प्रमुख न्यौपानेलगायतले सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका पाण्डेको निधनले समग्र तनहुँवासीले अभिभावक गुमाएको महसुस गरेको बताए।

# एसएसपी राणालाई पाँच दिनको म्याद



**काठमाडौं/मस-** बलात्कारको आरोप लागेका सङ्घीय प्रहरी इकाइ धरानमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक सौरभ राणालाई आज पाँच दिनको म्याद थप गरेको छ। सुनसरी प्रहरीसँग आत्मसमर्पण गरेका प्रहरी वरिष्ठ उपरीक्षक सौरभ राणालाई जिल्ला अदालत सुनसरीले पाँच दिनको म्याद थप गरेको हो।

अनुसन्धानका लागि राणालाई जिल्ला न्यायाधीश मणिराम न्यौपानेको इजलासले पाँच दिन म्याद थप गरेको अदालतका स्रेस्तेदार नगेन्द्रकेशरी पोखरेलले बताए। म्याद थप गर्नुपूर्व अदालतमा सरकारी वकिल र राणाका तर्फका अधिवक्ताले पक्ष र विपक्षमा म्याद थप गर्ने कि नगर्ने भन्ने विषयमा आआफ्नो तर्क राखेका थिए।

# घुस लिदैं गर्दा चार जना अख्तियारको नियन्त्रणमा

**काठमाडौं/मस-** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तीन जना सरकारी कर्मचारीसहित चार जनालाई नियन्त्रणमा लिएको छ। घुस लिइरहेको अवस्थामा अख्तियार टोलीले दुई कार्यालयबाट उनीहरूलाई नियन्त्रणमा लिएको हो।

यातायात व्यवस्था सेवा कार्यालय सानो भऱ्याङ स्वयम्भुमा कार्यरत अधिकृत शिवलाल पौडेल १३ हजार रुपैयाँ घुससहित पक्राउ परेका छन्। अख्तियारले पौडेललाई घुस दिने सेवाग्राही दिपक खतिवडा समेतलाई नियन्त्रणमा लिएको अख्तियार प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए।

खतिवडाले सवारी कर र प्रदुषणबापतको रकम तिर्नका लागि




घुसका लागि १३ हजार रुपैयाँ दिएका थिए।

त्यस्तै चन्द्रागिरी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत युवराज पौडेल र सवारी चालक संचित दुलाल एक लाख रुपैयाँ घुससहित पक्राउ परेका छन्।

प्रमुख प्रशासकिय अधिकृत पौलेलले चन्द्रागिरी नगरपालिकाको सूचना, संचार तथा प्रसारण गर्ने प्रयोजनका लागि सम्झौता गरी बिनियोजन भएको रकम मध्येबाट घुस मागेको भन्ने उजुरीका आधारमा अख्तियारको टोलीले स्टिङ अप्रेशन गरेको थियो।

उनीहरूलाई चन्द्रागिरी नगरपालिका-१२ स्थित वलम्बु च्याउ सहकारी संस्था अगाडी जाँदै गर्दाको अवस्थामा दुवै जनालाई उक्त रकमसहित नियन्त्रणमा लिएको प्रवक्ता कोइरालाले जारी गरेको विज्ञप्तीमा उल्लेख गरिएको छ।

## प्रहरी...

अडियो नै सार्वजनिक भएको छ। यति प्रमाण हुँदा समेत उनीमाथि कारबाही गर्ने प्रहरी प्रधान कार्यालयको उजुरी छनबिन शाखा मौन छ। बेला बेला उच्च प्रहरी अधिकारीमाथि यौन अपराध, असुली धन्दा, भ्रष्टाचार जस्ता आरोप लाग्दै आएका छन्। यस विषयमा प्रहरी हेडक्वाटर भने मौन देखिन्छ। प्रहरी प्रवक्ता डीआईजी शैलेस थापा 'क्षेत्री' ठूलो संगठनभित्र कहिले काहीं यस्ता घटना आउनुलाई स्वाभिक लिन्छन्। सबैको स्वभाव एकनासको नहुने भन्दै त्यस्ता प्रवृतिका प्रहरी अधिकारीमाथि कारवाही हुने गरेको उनको भनाइ छ।

वार्षिक रुपमा एक हजार भन्दा बढी प्रहरी कारवाहीमा पर्ने गरेको उनको भनाइ छ। 'हामी राम्रो काम गर्नेलाई पुरस्कार गरेर प्रोत्साहन पनि गर्दै आएका छौं। नराम्रो काम गर्नेलाई कारबाही पनि गरिरहेका छौं', उनले मध्यान्हलाई भने। प्रहरी पनि समाज भित्रकै एक अंग भएकाले केही केही खराब प्रवृति भएका संगठनभित्र पनि हुने गरेको भन्दै त्यस्तामाथि कारवाही भइरहेको उनले बताए।

## भ्रमण...

गरेको बताएको छ।

कोरोनाभाइरस संक्रमणका कारण अहिलेसम्म ३६१ जनाको ज्यान गइसकेको छ भने १७ हजारभन्दा बढी संक्रमित भएको पुष्टि भएको चिनियाँ अधिकारीहरूले बताएका छन्। नेपालको अध्यागमन विभागका अनुसार चीनमा भाइरस संक्रमण बढेसँगै नेपाल आउने चिनियाँ पर्यटकको संख्यामा पनि कमी आएको छ। ज्यानुअरीमा झन्डै १४,००० चिनियाँ नेपाल आएका थिए। गत साता त्रिभुवन विमानस्थलबाट हुने चिनियाँ आगमन निकै कम भएको थियो। विभागका अनुसार ज्यानुअरी २७ मा १९५ चिनियाँ नेपाल आइपुगेका थिए। ज्यानुअरी २८ मा त्यो संख्या १७४ मा झरेको छ। यसले नेपाल भ्रमण वर्षमा असर गरेको अधिकारीहरुको भनाई छ।

## किन...

नेपालमा मात्र होइन, अन्य अफ्रिकी देशमा पनि अनुदान घटाएको प्याकुरेलले जानकारी दिदै भने, 'भारतीय अधिकारीहरूले आफ्नो लागत घटाउन र अर्थिक बृद्धिमा देखिएका प्रभावका कारण यस्तो निर्णय गर्नुपरेको भन्न सक्छन्। तर, भारतले आफ्नो 'लुक इस्ट' नीति अन्तर्गत म्यानमार र बांगलादेशमा यसपालि उल्लेख्य अनुपातमा अनुदान सहयोग बढाएको छ। भारत जस्तो देशलाई नेपाललाई आर्थिक सहायता घटाइ रहन आवश्यक थिएन।'

दक्षिण एशियामा व्यापार, अर्थतन्त्र र वातावरणको विषयमा पैरवी गर्ने संस्था 'सावती'का कार्यकारी अध्यक्ष तथा अर्थविद् पोषराज पाण्डे भारतले अनुदान घटाउँदा नेपाललाई केही प्रभाव नपर्ने बताएका छन्। पाण्डेले नेपालले पाउने कुल वैदेशिक सहायतामा भारतले दिने सहयोगको तीनदेखि साढे तीन प्रतिशतको योगदान रहेको बताए। यसभन्दा अघि भूकम्पको पुनर्निर्माणका लागि अनुदान रकम पनि समावेश गरिएकाले त्यसबेला बढी रकम देखिएको उनको भनाई छ।

यसपालिको बजेटमा भारतले आफ्नो देशले हस्ताक्षर गरे अनुसारका स्वतन्त्र व्यापार सम्झौता अनुसार विभिन्न देशका उत्पादनहरूलाई दिने गरिएका भन्सार सुविधासम्बन्धी नीतिलाई घरेलु कानून अनुसार परिमार्जन गर्ने प्रतिबद्धता गरेकाले त्यसले नेपालबाट भारतमा हुने व्यापार एक तिहाइसम्मले प्रभावित हुन सक्ने उनले उल्लेख गरेको छ।

नेपाल सरकारका एक अधिकारीले अनौपचारिक जानकारीका लागि मात्र भन्दै, भारतको बजेटमा उल्लेख भएको अनुदान रकम परियोजना र त्यसमा हुने प्रगति वा थपघटका आधारमा बढ्न वा घट्न सक्ने, कति बजेट छुट्ट्याइयो भन्दा पनि परियोजनाहरूमा के भइरहेको छ त्यो चाहिँ महत्वपूर्ण हुने बताए। ती अधिकारीका अनुसार नेपालमा भारतीय लगानीमा अघि बढिरहेका परियोजनाहरूमा अहिले सोचेअनुसार प्रगति भइरहेका छन् र दुवै देशले भूकम्पपछिको पुनर्निर्माणका लागि वाचा गरिएको २५० मिलियन डलर अनुदानबाट खर्च हुन नसकेको रकम सडक र ऊर्जाजस्ता पूर्वाधारमा खर्च गर्नेबारे छलफल अघि बढाएका छन्। प्रदेश नम्बर २ मा खर्च गरिने भनिएको एक अर्ब बराबरको सहायता, 'रामायण सर्किट'को विकास र नेपालगञ्ज तथा भैरहवामा थप दुईवटा एकीकृत भन्सार कार्यालय स्थापनाको विषयमा ठोस रूपमा काम अघि बढिरहेको उनको भनाइ छ।

## देशले...

लालची प्रवृत्तिमा सरकारले कडाइ गर्नुपर्ने आवाज पनि उठ्न थालेको छ।

वर्षौंसम्म सरकारको लगानी हुने व्यक्तिले योगदान दिनु पर्ने समयमा बाहिरिंदा सरकारलाई ठूलो क्षति हुने गरेको नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले बताउँदै आएका छन्। पूर्व परराष्ट्र मन्त्री समेत रहेका श्रेष्ठले कर्मचारीतन्त्रको उच्च ओहदामा भएका व्यक्ति अर्को संस्थाका लागि काम गर्ने प्रबृति रोक्नु पर्ने बताए।

# मोरङमा सवारी दुर्घटना, दुईको मृत्यु

**मोरङ/रासस-** मोरङमा सोमबार भएको दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मुत्यु हुनुका साथै तीन जना घाइते भएका छन्। मोरङको सुन्दर हरैँचा नगरपालिका-१० जरुवामा सोही स्थान बस्ने साइकल यात्री ४७ वर्षीय बाबुराम कार्कीलाई प्रदेश नं १-०२-००१ ख ८१०९ नं को टिपरले ठक्कर दिंदा उपचारका क्रममा प्रदेश (कोशी) अस्पताल विराटनगरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**मार्केटिङ वा पार्टनर चाहियो**

एक प्रतिष्ठित मेनपावर कार्यालयका लागि कतार, यू.ए.ई., मलेशिया लगायत मुलुकमा मार्केटिङ गर्न सक्ने कर्मचारी वा पार्टनर आवश्यक भएकोले इमान्दार इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

नोट: अफिस सेक्रेटरी १ जना महिला, उमेर २५-३८ वर्षसम्मको
तलब : आपसी सहमतीमा

**सम्पर्क : ९८४३१९३३९७**

## मेमोरी कार्डको विषयमा विवाद

# परिवारै मिलेर बुहारीको हत्या

**काठमाडौं/मस–** धनुषामा मोबाइल मेमोरी कार्डका विषयमा झगडा हुँदा परिवारका सबै सदस्य मिलेर एक महिलाको हत्या गरेको रहस्य खुलेको छ। औरही गाउँपालिका २ की चिन्तामणि पासवानको मोबाइल मेमोरी कार्डका विषयमा भएको झगडाका कारण परिवारका सबै सदस्य मिलेर हत्या गरेको प्रहरीको दाबी छ।

सोमबार जिल्ला प्रहरी कार्यालय धनुषाले एक पत्रकार सम्मेलन आयोजना गरी चिन्तामणिको हत्या आरोपमा पक्राउ पर्नेहरुमा चिन्तामणिका श्रीमान अनिल पासवान, ससुरा राधाकृष्ण पासवान, सासु कुमला पासवान र नन्द पुनिता पासवान रहेको जनाएको छ।



गत माघ १८ गतेका दिन मोबाइलको मेमोरी विषयमा चिन्तामणिको नन्द पुनितासँग विवाद र झै झगडा भएको थियो। सोही विषयलाई लिएर श्रीमान अनिल, ससुरा राधाकृष्ण र सासु कुमलाले निर्ममतापुर्वक कुटपिट गरी बुहारी चिन्तामणिको घाँटी थिचेर हत्या गरेको धनुषाका प्रहरी उपरिक्षक रमेश कुमार बस्नेतले जानकारी दिएका छन्।

चिन्तामणीले आत्माहत्या गरेको भन्दै परिवारका सदस्यहरुले हल्ला खल्ला गरी शव प्रादेशिक अस्पताल जनकपुरधाममा राखेर तिनीहरु फरार भएका थिए। शव शंकास्पद देखिएपछि प्रहरीले खोजतलास गर्दा घटनाको रहस्य खुलेको प्रहरीले जनाएको छ।

उनीहरुलाई खोजतलास गर्ने क्रममा आरोपीमध्येका कुमला पासवान र पुनिता पासवानलाई जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित पेठिया बजारबाट आइतबार साँझ ५ बजे पक्राउ गरेको प्रहरी उपरीक्षक बस्नेतले बताए। त्यस्तै राधाकृष्ण पासवान र अनिल कुमार पासवानलाई सोमबार बिहान ६ बजे धनुषाको जनकनन्दनी गाउँपालिका वडा नम्बर २ स्थित बलहा टोलबाट पक्राउ गरिएको थियो। पक्राउ परेका चारै जनालाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# गृहलाई समितिको निर्देशन

**काठमाडौं/मस–** प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिले परोपकारको आवरणमा व्यापार चलाउने संस्थाहरुको पहिचान गरी कारवाही गर्न गृहमन्त्रालयलाई निर्देशन दिएको छ। सोमबार बसेको समिति बैठकले त्यस्ता संस्थाहरुको अनुगमन र पहिचानगरी तत्काल कारवाही गर्न गृहमन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र समाज कल्याण परिषद्लाई निर्देशन दिएको हो।



समितिले बालबालिकाको हित प्रवर्दनका लागि खुलेका गैरसरकारी संस्थाहरुको काम कारवाहीमा पारदर्शीता कायम गर्न, पोषणको अवस्था सुधार गर्न, बालअधिकार कुनैपनि कारणबाट खण्डित हुन नदिन र मर्यादित व्यवहार गराउन सूचनाको हकसम्बन्धि ऐन २०६४ अनुसार हरेक तीन महिनामा अध्यावधिक विवरण अनिवार्य रुपमा प्रकाशन गराउने व्यवस्था मिलाउन पनि समितिले मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यसैगरी नेपाल बाल संगठनर्ला संघीय संरचना अनुसार परिवर्तन गर्नका लागि चल अचल सम्पूर्ण सम्पत्ति र बालबालिकाको संरक्षकत्व तत्काल महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय मातहत ल्याउन पनि समितिले निर्देशन दिएको समिति सभापति निरुदेवी पालले बताइन्।

समितिले संघीय संरचनाअनुसार बन्ने सम्पूर्ण बाल संरक्षण सम्बन्धि संस्थाहरुलाई बालबालिकामैत्री बनाउने, न्यूनतम मापदण्ड पुरा गरेर मात्र खोल्ने, स्वास्थ शिक्षा लगायतका न्यूनतम आधारभूत आवश्यकता पुरा गराउन नियमित रुपमा अगाडी बढ्न पनि मन्त्रालयलाई निर्देशन दिएको छ।

त्यसैगरी नेपाल बाल संगठन र यस्तै प्रकृतिका अन्य बालबालिका संरक्षण गर्ने संस्थाहरुसँग आवद्ध रहेका व्यत्तिलाई आवद्धता समाप्त भएको ५ वर्षसम्म बालगृह खोल्न र कुनै पनि आवद्धता कायम राख्न नपाउने व्यवस्था गर्न पनि समितिलाई निर्देशन दिएको छ।

# स्ववियु निर्वाचनमा भाग लिन्छौँ : नेविसंघ



**काठमाडौं/मस–** आगामी फागुन १४ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा सक्रियरुपमा सहभागी हुने नेपाल विद्यार्थी संघ (नेविसंघ) को नयाँ नेतृत्वले स्पष्ट गरेको छ। नेविसंघका नवनियुक्त अध्यक्ष राजीव ढुंगानाले आफूहरुको पहिलो मुद्दा नै स्ववियु निर्वाचन भएकोले विगत १० वर्षदेखि हुन नसकेको निर्वाचनमा सक्रिय भाग लिने बताए। 'हामी मनोनित हुँनासाथ हाम्रो पहिलो कार्यसूची नै स्ववियु निर्वाचन हो' उनले भने, 'निर्वाचनमा सक्रिय भाग लिएर सफल बनाउछौं।'

उनले निर्वाचनका सम्बन्धमा त्रिवि पदाधिकारीसँग पनि आफूहरुले छलफल गरिरहेको समेत जानकारी गराए। उनले स्ववियु निर्वाचनको वातावरण बनाउन त्रिविलाई आग्रह गरे। 'त्रिविमा निर्वाचन गर्ने प्रमुख निर्वाचन अधिकृत भनेको रेक्टर हो', उनले भने, 'त्रिविले चाडै रेक्टर नियुक्त गरेर स्ववियु निर्वाचनको वातावरण बनाउनुपर्‍यो।'

त्रिविमा २०६५ सालयता सबै क्याम्पसमा स्ववियु निर्वाचन हुन सकेको छैन। विसं २०७३ मा २५० क्याम्पसमा स्ववियु निर्वाचन भएको थियो। अनेरास्ववियुका संयोजक ऐन महरले निर्धारित मितिमा नै स्ववियु निर्वाचन गर्न सबै विद्यार्थी संगठनले प्रतिबद्धता जनाएकोले निर्वाचन हुने बताए। 'नेविसंघको नयाँ नेतृत्व पनि निर्वाचन गर्नमा सकारात्मक छ', उनले भने, 'हामी निर्वाचनका सम्बन्धमा नेविसंघसँग छलफल गरिरहेका छौं।'

त्रिविले ६२ आङ्गिक क्याम्पसमा स्ववियु निर्वाचनको तयारी गर्न क्याम्पस प्रमुखलाई पत्र पठाइसकेको छ। त्रिवि सभा सदस्य तथा आरआर क्याम्पसका स्ववियु सभापति तपेन्द्रबहादुर शाहीले चाडै नै त्रिविले निर्वाचनका सम्बन्धमा सबै विद्यार्थीसँग छलफल गरेर कार्यतालिका सार्वजनिक गर्ने बताए।

यसअघि त्रिविले फागनु १४ गते निर्वाचन मिति मानी प्रस्तावित कार्यतालिका सार्वजनिक गरेको छ। स्ववियु निर्वाचन २८ वर्षे उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली अनुरूप हुनेछ।

# रेडक्रसमा हुने 'राजनीति' अन्त्य हुनुपर्छ : मन्त्री बाँस्कोटा

**काभ्रे/मस–** सञ्चार तथा सूचना प्रविधि गोकुलप्रसाद बाँस्कोटाले रेडक्रसमा 'मति र गति' भावनानुसार नपाइएपछि विवाद उत्पन्न भएको बताएका छन्। नेपाल रेडक्रस सोसाइटी काभ्रेपलाञ्चोकद्वारा 'ग्रामीण आपत्कालीन तथा ट्रमा प्रणाली सदृढीकरण परियोजना' अन्तर्गत आयोजित एम्बुलेन्स हस्तान्तरण कार्यक्रमलाई सोमबार बनेपामा सम्बोधन गर्दै उनले भने, 'रेडक्रसजस्तो मानवीय पवित्र संस्थामा किन यस्ता विवाद उठ्छन्, रेडक्रसको विश्वव्यापी मान्यता जे छन् सोहीअनुसार चल्नुस्, कुनै समस्या/विवाद आउँदैन।'



कमाउधन्दा तथा व्यापारिक संस्थामा विवाद उठ्नु स्वाभाविक मान्ने गरिए पनि विशुद्ध मानवीय भावना बोकेको संस्थामा विवाद आउनु सुखद नभएको उनले बताए। मन्त्री बाँस्कोटाले रेडक्रसको आँगनभित्र 'राजनीति' अन्त्य हुनुपर्नेमा जोड दिँदै भने, 'व्यक्तिका आआफ्ना विचार होलान् तर रेडक्रसको आँगनभित्र राजनीति अन्त्य गर्नुस्, कहिले पनि विवाद आउँदैन।' रेडक्रसको पछिल्लो नेतृत्वले 'राजनीति' गरेको छैन होला भन्नेमा आफू विश्वस्त रहेको उनको धारणा थियो।

मन्त्री बाँस्कोटाले 'सहयोगी राष्ट्रका जनताले कमाएको केही बचाएर नेपालीलाई गरेको सहयोगको विषयमा विवाद उत्पन्न हुँदा कस्तो अर्थ राख्छ भन्ने प्रश्न गर्दै भने, 'डोनर एजेन्सी (क्यानेडियन)ले पनि त कमाएको पैसाबाट बचाएर हामीलाई सहयोग गरेको हो, यस्तो विषयमा 'भागशान्ति जय नेपाल' हैन 'मिली शान्ति' एकदम राम्रो हो।' रेडक्रसकर्मीको व्यक्तिगत विचार लाद्ने स्थान रेडक्रस नभएको उनले दोहोर्‍याए।

मन्त्री बाँस्कोटाले रेडक्रसलाई 'टोल फ्री' नम्बर उपलब्ध गराउन आफूले पूर्णरुपमा सहयोग गर्ने आश्वासन दिए। 'नागरिकलाई सेवा दिन, नागरिकको दिगागमा बसिरहने एउटा सजिलो नम्बरको निम्ति म सहयोग गर्छु, यसमा सञ्चारको मात्रै भएर पुग्दैन गृहको पनि सहमति चाहिन्छ, सभासमारोहमा भाषण गरेर हुन्न, तपाईंहरु तत्कालै आउनुस्,' उनले भने।

मन्त्री बाँस्कोटाले क्यानेडिएन रेडक्रसमार्फत काभ्रेपलाञ्चोकको पोखरीचौँरी र बेथानचोक गाउँपालिकालाई प्रदान गरिएको एम्बुलेन्सको साँचो सम्बन्धित गाउँपालिका अध्यक्षद्वयलाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य रत्न ढकाल, नेकपा जिल्लाध्यक्ष रुकू चौलागाईं, पोखरीचौंरीका अध्यक्ष दीननाथ गौतम, बेथानचोकका अध्यक्ष प्रेमबहादुर तिमल्सिना, नेपाली कांग्रेस जिल्ला उपाध्यक्ष अच्युत पौडेल, नेरेसो केन्द्रीय कोषाध्यक्ष देवेन्द्र प्रधानलगायतले हस्तान्तरित एम्बुलेन्सलाई जनतामा राम्रो सेवा पुर्‍याउन आग्रह गरे। नेरेसो जिल्ला सभापति रघुवर चौप्रधानले सरकारको प्रतिएम्बुलेन्स रु ३० लाख करछुटमा एम्बुलेन्समा 'ख' वर्गको स्वास्थ्य सामग्री थपेर दुई गाउँपालिकालाई हस्तान्तरण गरिएको जानकारी दिए।

# सरकार सही गतिमा छ : मन्त्री भट्टराई

**तनहुँ/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयमन्त्री योगेश भट्टराईले केपी शर्मा ओली नेतृत्वको सरकार सही बाटोमा रहेको बताएका छन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तनहुँले सोमबार दमौलीमा आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले सरकार गलत बाटोमा नरहेको जिकिर गरे।



मन्त्री भट्टराईले सरकारको बाटो, दिशा र गन्तव्य सही रहेको बताउँदै भने, 'सरकारको बाटो सही हुँदाहुँदै पनि कहिलेकाहीँ अप्ठ्यारा बाटो आउँछ, अवरोध आइपर्छ, त्यस्ता अवरोध हटाउँदै अगाडि बढ्नुपर्छ।' मन्त्री भट्टराईले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई कुशल र अनुभवी पाइलटको संज्ञा दिँदै उनको नेतृत्वको वर्तमान सरकारको जहाजले सही अवतरण गर्ने पनि बताए।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्यसमेत रहेका मन्त्री भट्टराईले नेकपाको आकाश सफा र धर्ती उर्वर रहेको बताए। पार्टी एकीकरणलाई भावनात्मक बनाउन हालै सम्पन्न केन्द्रीय कमिटी बैठक सफल भएको भन्दै उनले बैठकले पार्टीलाई अझ सुदृढ र एकताबद्ध बनाउन सफल भएको चर्चा गरे। 'बैठक अगाडि नेकपाको आकाशमा केही बादलहरु थिए, हावाहुरी पनि चलेको थियो,' मन्त्री भट्टराईले भने, 'बैठकले ती बादलहरु सफा गरिदिएको छ, नेकपाभित्र अब हावाहुरी चल्नेवाला छैन, नेकपाको आकाश सफा छ, धर्ती उर्वर छ।'

केन्द्रीय कमिटी बैठकले तीनमहिने अभियान घोषणा गरेको जानकारी गराउँदै उनले उक्त अभियानमा सबै नेताहरु गाउँ फर्कने र कार्यकर्ताको समस्या सुन्ने बताए। सो अभियानमार्फत पार्टीभित्रका समस्या समाधान गरिने मन्त्री भट्टराईले बताए।

विसं २०७७ को चैत महिनामा पार्टीको महाधिवेशन घोषणा गरिएको र त्यसले पार्टीलाई थप मजबुद बनाउने उनको भनाइ थियो। मन्त्री भट्टराईले पार्टीको महाधिवेशनलगत्तै तीन तहको निर्वाचन हुने भएकाले तीनवटै तहको चुनावमा अहिलेको भन्दा पनि राम्रो परिणाम निकाल्न सबै कार्यकर्ता लाग्नुपर्नेमा जोड दिदैं बहुमत प्राप्त सरकार भएकाले जनताको अपेक्षा धेरै रहेको र त्यसलाई पूरा गर्न सरकार लागिपरेको बताए।

# प्रशिक्षण दिँदै गर्दा मृत्यु

**संखुवासभा/मस–** सुआहारा गैरसरकारी संस्थामा कार्यरत 'वाश' का क्षेत्रीय संयोजक आलोकचन्द्र न्यौपानेको आइतबार साँझ प्रशिक्षण दिइरहेको बेला आकस्मिक रुपमा बेहोस भई ढल्दा मृत्यु भएको छ। एकीकृत पोषण तथा स्वास्थ्य कार्यक्रमको समीक्षा तथा दिगोपनासम्बन्धी चैनपुर नगरस्तरीय कार्यशाला गोष्ठी चलिरहेको बेला मुटुरोगद्वारा पीडित न्यौपानेको मृत्यु भएको हो।



चैनपुर नगरपालिकाद्वारा सञ्चालित कार्यशालामा प्रशिक्षण दिने क्रममा बेहोस बनेका ४९ वर्षीय न्यौपानेलाई उपचारका लागि नजीकको स्वास्थ्य केन्द्र हेल्पिङ ह्यान्ड्समा लैजाँदै गर्दा साँझ ६:४५ बजे मृत्यु भएको इलाका प्रहरी कार्यालय चैनपुरले जनाएको छ।

गोष्ठीमा नगर प्रमुख भरतकुमार खत्रीसहित ११ वडाका अध्यक्षहरु, नगर क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा कार्यरत कार्यालय प्रमुख तथा प्रतिनिधिहरु र स्वास्थ्य स्वयंसेविकालगायतको सहभागिता रहेको थियो। मृतक न्यौपानेको शव आजै उहाँको भक्तपुरस्थित चाँगुनारायण नगरपालिका-३ मा रहेको घर पठाइएको प्रहरी निरीक्षक उपेन्द्र खरेलले जानकारी दिए।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।

Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.


✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# विश्वास गुम्ने डर

बलात्कार अभियोगमा संघीय इकाइ प्रहरी धरानका एसएसपी सौरभ राणा अनुसन्धानमा तानिएका छन् । एक महिलाले बलात्कार आरोप लगाए पछि राणालाई गृह मन्त्रालयले निलम्बन गरेको छ । निलम्बित एसएसपी राणाले आत्मसमर्पण गरी अनुसन्धानमा सहयोग गरेका छन् । अनुसन्धान प्रक्रिया जारी रहेकाले राणा दोषी हुन् अथवा उनी विरूद्ध झुठो आरोप लगाइएको हो भन्नेबारे थाहा हुन समय लाग्नेछ । तर, आरोप सँगै नेपाल प्रहरी संगठनमाथि केही गम्भीर प्रश्न भने उठेको छ ।

किनभने, कानून कार्यान्वयनकर्ता प्रहरीका बरिष्ठ अधिकारी नै 'अवैध' सम्बन्धमा रहेको आरोप लगाइएको छ । उजुरी अनुसार, ती महिलासँग २०६६ सालबाटै निलम्बित एसएसपी राणाको सम्बन्ध थियो । ती महिलाले निलम्बित एसएसपीकै कारण श्रीमानसँग सम्बन्ध बिच्छेद गरेको समेत खुलाइएकी छन् । त्यसैले यो आरोप सामान्य मात्रै होइन । यो घटनाले प्रहरी संगठन माथि पक्कै प्रश्न उठेको छ । त्यसो त राणाका कारणले मात्रै नभएर यस अगाडिका केही प्रहरी अधिकृतहरूले गरेका कमजोरीले पनि प्रहरी माथि हेर्ने दृष्टिकोण धुमिल बन्न बल पुगेको छ । केही वर्ष अगाडि मात्रै प्रेमिकाकै कारण पूर्व डीआईजी रञ्जन कोइरालाले श्रीमतीको हत्या गरेका थिए । श्रीमतीको हत्या गरेका पूर्व डीआईजी कोइराला जेल सजाय भोगिरहेका छन् ।

एक वर्ष अगाडि मात्रै ३३ किलो सुन तस्करी प्रकरणका क्रममा प्रहरीका कतिपय अधिकारीहरूको नाम जोडिन पुगेको छ । विशेषगरी नेपाल प्रहरीका अधिकारीहरू अकुत सम्पत्ति आर्जन, 'अवैध' सम्बन्ध जस्ता समाजले स्वीकार्न नसक्ने घटनामा मुछिनुलाई सामान्य रूपमा मात्रै लिन सकिदैन । यस्तो कार्यका कारण समाजले प्रहरीलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्दैन । अर्धन्यायिक निकाय प्रहरी नै पीडिक देखिनुले सामाजिक स्वीकार्यता गुम्न पुग्दा फेरि पनि विधिको शासन र संविधानको सर्वोच्चता कमजोर भएर जानेछ ।

किनभने, कानून कार्यान्वयनकर्ता प्रहरी संगठन नै हो । यदि, प्रहरी माथि भरोसा कायम रहन सकेन भने सामाजिक सुरक्षा र न्यायिक प्रक्रिया समेत धरापमा पर्नेछ । विशेषगरी आपराधिक घटनाका अनुसन्धान गर्ने मुख्य संस्थामाथि विश्वास नरहँदा न्यायको शासन स्थापित हुन सक्दैन । तसर्थ, यस्ता गम्भीर आरोप र घटनाबाट बच्न प्रहरी नेतृत्वले सामान्य कदम चालेर पुग्ने छैन ।

## सामाजिक सञ्जाल



मानिसलाई अरूको सोचले होइन आफ्नै सोचाइले प्रभाव पार्छ, त्यसैले अरूले आफ्नोबारेमा के सोच्छन् भन्नेतर्फ नलागौं । सकारात्मक सोचौं, सुखी बनौं ।

**- मानुसी**



पाँच दिनको भागवत व्याख्यापछि ११ बुँदे गुणरत्न माला जन्मिएछ । डलर र युआन मिसाएर नयाँ मुद्रा बनाउने समितिको चाँही बनौट नै रमाइलो छ ।

**- युवराज आचार्य**



कर्पोरेट सम्पादक भन्नेहरू पत्रकार भन्दा ७-८ गुना तलब खान्छन्, कार फेरि फेरि चढछन् । तर २४ हजार तलब दिलाउन नसकेर सूचना विभागको प्रेस पास नबनेको देख्दैनन् । महिनौ तलव बिहिन बनाएर राख्छन् अनि तिनै भन्छन् यो देशमा अभिब्यक्ति स्वतन्त्रता छैन । सरहरू, पहिला पत्रकारलाई तलब दिलाउ ।

**- प्रकाश तिमल्सिना**



नेपालमा चीनबाट फर्किएका विद्यार्थी कोरोना भाइरसको संक्रमणको शंका लागेर टेकुस्थित अस्पताल पुगेछन् । डाक्टरले परीक्षणका लागि नमूना हङकङ पठाउँदा पोजिटिभ रिजल्ट आयो, तर उनी डिस्चार्ज भएर घर गइसकेछन् । ती कहाँ पुगे भन्ने सोधखोज भएको छैन रे, धन्न देशमा पशुपतिनाथ छन् जसले रक्षा गर्छन् ।

**- द अंगिकार**



अख्तियारका उच्च पदमा रहेका प्रहरी मित्रसँग कुरा भयो । उहाँ पहिलेभन्दा उत्साहित देखिनु भयो । के छ अफिसमा मैले सोधें ? 'हामीले निकै ठूला भनेका केसमा हात हाल्दैछौ, अहिले नगरे कहिले गर्ने ? हामीले नगरे कसले गर्छ' भन्नु भयो । मैले मनैदेखि सलाम गरें उहाँलाई, शुभकामना पनि देशसँगै सफल हुनुहोस् ।

**- कुशुम ज्ञवाली**

# एमसीसी के हो ? नेपालले के गर्ने ?



■ कमलदेव भट्टराई

२०१८ डिसेम्बरमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अमेरिका भ्रमण गरेयता राजनीतिक र कूटनीतिक वृत्तमा अमेरिकासँगको नेपालको सम्बन्धबारे दुईवटा कोणबाट तीव्र बहस भइरहेको छ। नेपाल इन्डोप्यासिफिक स्ट्राटेजी (आईपीएस)को अंग हो कि होइन र नेपाल यसमा सहभागी हुन्छ कि हुँदैन ? अमेरिकाले नेपालका लागि प्रदान गर्ने ५ सय मिलियन अमेरिकी डलर बराबरको सहयोग जुन मिलेनियम च्यालेन्च कर्पोरेसन (एमसीसी) परियोजनामार्फत आउँदै छ, त्यो आईपीएसको अंग हो कि होइन ? र, यसका सर्तहरू मानेर सहयोग लिने कि नलिने ? लेखक सन् २०१८ र सन् २०१९ मा सो रणनीतिलाई केन्द्रमा राखेर अमेरिकी उच्च अधिकारीहरूले निरन्तर नेपाल भ्रमण गरे । उनीहरूको स्पष्ट भनाइ थियो ( हामीले यस क्षेत्रमा गर्ने सम्पूर्ण सहयोग र काम आईपीएसअन्तर्गत नै हो । यसै सिलसिलामा एमसीसी र आईपीएस सम्बन्धमा नेपालका लागि अमेरिकी राजदूतले निरन्तर दोर्होयाएको विषय हो ।) यो एक अमेरिकी नीति हो, हामीले कसैलाई पनि हस्ताक्षर गरेर यसमा सहभागी हुन भनेका छैनौं । तर हामीले यस क्षेत्रमा जे गर्छौं, त्यो हाम्रो रणनीतिभित्र नै हो । नेपालमा तीव्र बहसकै बीचमा अमेरिकी रक्षा मन्त्रालयले २०१९ जुनमा इन्डोप्यासिफिक रणनीति प्रतिवेदन नै सार्वजनिक गर्‍यो, जसले झन् आशंका जन्मायो। विदेश मन्त्रालयले नभइ रक्षा मन्त्रालयले यो रणनीति सार्वजनिक गर्‍यो ? त्यसैले यसको भित्री उद्देश्य नेपाललाई जबर्जस्ती सैन्य गठबन्धनमा तान्ने त होइन ? अमेरिकी दस्तावेजहरू हेर्दा एमसीसी स्पष्ट रूपमा आईपीएसको एउटा कार्यक्रम देखिन्छ । अमेरिकाले सार्वजनिक गरेको इन्डोप्यासिफिकका मुख्य पक्ष (जुन यहाँ बुँदागत रूपमा चर्चा गरौँ :

**सुरक्षा :**

हलिउडदेखि बलिउडसम्म अमेरिकी आधिकारिक दस्तावेजअनुसार पछिल्लो समयमा इन्डोप्यासिफिक क्षेत्रमा सुरक्षा चुनौती बढ्दै गएका छन्, जसले अमेरिकाको राष्ट्रिय सुरक्षामै असर गर्ने खतरा बढ्दै गएको छ । यसले क्षेत्रीय सुरक्षा र विश्वको स्थायित्वलाई नै असर गर्ने दाबी उसले गरिरहेको छ । यसका लागि उसले तीनवटा सुरक्षा चुनौती देखाएको छ । पहिलो, चीनले साउथ चाइना सीमा निर्माण गरेको सैनिक पूर्वाधार, यस क्षेत्रका साना मुलुकमा अपनाएको 'जबर्जस्ती आर्थिक नीति र सैनिक नीति'। दोस्रो, उत्तर कोरियाको आणविक हतियारलाई उसले यस क्षेत्रको अर्को सुरक्षा चुनौती ठानेको छ। नेपालमा एमसीसीको सन्दर्भमा उत्पन्न बहस यस क्षेत्रमा अमेरिका(चीन बढ्दो द्वन्द्वको मुखरित रूप हो, जुन आगामी दिनमा अझ प्रस्फुटित हुने देखिन्छ । त्यसैगरी दक्षिणपूर्वी एसियाली मुलुकहरूमा स्लामिक स्टेटको फैलँदो जालो र यस क्षेत्रमा फैलँदो आतंकवादी गतिविधिलाई उसले अर्को सुरक्षा चुनौतीका रूपमा व्याख्या गरेको छ । यसका लागि यस क्षेत्रका मुलुकहरूसँग मिलेर काम गर्ने नीति अमेरिकी सरकारले अगाडि सारेको छ । इन्डोप्यासिफिकको सुरक्षा पाटोका रूपमा अमेरिकाले यस क्षेत्रका मुलुकसँग सैन्य तालिम र सामुद्रिक सुरक्षाको क्षेत्रमा काम गर्ने घोषणा गरेको छ। अमेरिकी सुरक्षा अधिकारीहरूले आईपीएसलाई हलिउडदेखि बलिउडसम्मको सुरक्षामा केन्द्रित रहेको बताउने गरेका छन् । यति मात्र होइन, यस क्षेत्रमा साइबर सुरक्षा पनि निकै पेचिलो बनेको छ। यस क्षेत्रका साना मुलुक आफैंले मात्र ती चुनौती सामना गर्न नसक्ने र त्यसका लागि सहयोग गर्न भन्दै अमेरिकी अधिकारी नेपाल आइरहेका छन् । आईपीएसको कुरा गर्दा अमेरिकाले सन् २०१७ मा सार्वजनिक गरेको राष्ट्रिय सुरक्षा नीतिको सन्दर्भमा पनि हेर्नुपर्ने हुन्छ, जसलाई आईपीएसको एक अंग मानिएको छ । सो नीतिमा भनिएको छ, 'इन्डोप्यासिफिक क्षेत्रमा स्वतन्त्र र निरंकुश वल्ड अर्डर निर्माण गर्न चाहने दुई भिजनको बीचमा तीव्र भूराजनीतिक प्रतिपर्स्धा छ ।'

सन् २०१९ को जुनमा सार्वजनिक रणनीतिमा पनि यस क्षेत्रमा भिजन र विषय मिल्ने मुलुकहरूसँग यस क्षेत्रको सुरक्षाका लागि एलाइन्स निर्माण गर्ने र भइरहेका एलायन्सहरूलाई अझ विस्तार गर्ने उल्लेख छ । त्यसैले नेपाललगायत अन्य मुलुकसँग सैन्य गठबन्धन बनाउने अभिप्राय पनि सो दस्तावेजको देखिन्छ । तर जुनसुकै पार्टीको सरकार आए पनि नेपाल कुनै पनि सैन्य गठबन्धनमा सहभागी हुने देखिँदैन । तर नेपाली सेनासँग भने अमेरिकाले पछिल्लो समयमा सहकार्य निकै बढाएको छ ।

गत डिसेम्बरमा मात्र अमेरिकाले नेपाली सेनालाई दुई स्काई ट्रक प्रदान गरेको छ। आर्थिक पक्ष विशेषगरी इन्डोप्यासिफिक क्षेत्रमा चीनको सैन्य र आर्थिक प्रभाव बढिरहेको छ। यसका कारण यस क्षेत्रको आर्थिक व्यवस्थामा तीव्र परिवर्तन आइरहेको छ। यसले आफूलाई नयाँ अवसर र चुनौती एकैसाथ प्रदान गरेको बुझाइ अमेरिकाको छ । अमेरिकाको एउटै लक्ष्य हो( चिनियाँ प्रभाव कम गर्ने र आफ्नो लगानीका लागि उपयुक्त वातावरण अनि आवश्यक पूर्वाधारसमेत निर्माण गर्ने । यो रणनीतिको आर्थिक पाटोभित्र पनि विभिन्न विषय छन् ।

> राष्ट्रसंघमार्फत नाकाबन्दी लगाउने अथवा यस क्षेत्रका विभिन्न मुलुकसँग मिलेर त्यस्ता मुलुकलाई एक्लो पार्ने । यसको पछिल्लो उदाहरण उत्तर कोरियामाथि राष्ट्रसंघले लगाएको नाकाबन्दी जसको मुख्य पक्ष अमेरिका थियो ।

अमेरिकी आर्थिक लगानी अमेरिकी कंग्रेसले पारित गरेको एसिया रिएस्युरेन्स इनिसिएटिभ एक्टअनुसार पछिल्ला वर्षमा अमेरिकाले यस क्षेत्रमा ठूलो धनराशी विनियोजन गरेको छ। आगामी पाँच वर्ष अर्थात् सन् २०१९ देखि सन् २०२३ सम्म यो क्षेत्रमा प्रत्येक वर्ष १५ सय मिलियन अमेरिकी डलर खर्च गर्ने घोषणा अमेरिकी कंग्रेसले सन् २०१८ मै घोषणा गरेको थियो। सोही ऐनअनुसार बजेट निम्न क्षेत्रमा खर्च हुनेछ :

(क) यस क्षेत्रमा आफ्नो परराष्ट्र नीतिलाई अझ सुदृढ बनाउने (ख) यस क्षेत्रका पार्टनर मुलुकहरूको कुनै पनि सुरक्षा चुनौतीसँग लड्न सक्ने क्षमतामा वृद्धि गर्ने जसमा सैन्य तालिम र शिक्षा महत्वपूर्ण पक्ष हो ।

(ग) यस क्षेत्रका विभिन्न मुलुकसँग दुईपक्षीय र बहुपक्षीय रूपमा सुरक्षा चुनौतीका बारेमा विभिन्न कार्यक्रम गर्ने ।

